# देवदह नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### देवदह - ४, केरवानी, रुपन्देही

## साईकल खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७५।१०।२९**

देवदह नगरपालिकाको आ.व. ०७५।०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साईकल खरिद कार्य सिलबन्दी दरभाउपत्रद्वारा गर्नु पर्ने भएकोले सम्बन्धित निकायबाट ईजाजत प्राप्त इच्छुक फर्म/कम्पनी/संस्था वा सप्लायर्सले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१) दरभाउपत्र फाराम सम्वन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय, संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, मूल्यअभिवृद्धि कर (VAT), स्थायी लेखा नम्बर (PAN) र आ. व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्रका साथै उत्पादक फर्म वा कम्पनीको Authorization Letter को प्रमाणित प्रतिलिपी र दरभाउपत्र दस्तुर रु.१,०००।- (एकहजार मात्र) निवेदन साथ पेश गरेपछि यो सूचना प्रकाशित भएको मिती देखी १५ औं दिनसम्म कार्यालय समयभित्र यस कार्यालयबाट उपलब्ध गराइने छ।

२) खरिद गरिएका दरभाउपत्र फारमको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई सिलबन्दी दर्ता गराउनु पर्नेछ।

३) दरभाउपत्र फारमसाथ जमानत वापतको रकम यस नगरपालिका कार्यालयको नाममा एन आई सी एशिया बैंक लि., बुटवल शाखामा रहेको धरौटी खाता नं. **15CA051276652401** मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजश्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त “क” श्रेणीको वाणिज्य बैंकबाट जारी भएको बिडबण्ड संलग्नगर्नु पर्नेछ।

४) दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा १६ औं दिनको २:०० बजे खोलिने छ। फाराम खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५) प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन। दरभाउपत्रमा प्रत्येक आईटमको दररेट भ्याट बाहेक अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

६) साईकलको स्पेशिफिकेशन र दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु सिलबन्दी फाराममा उल्लेख गरे बमोजिम हुनेछन्। अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन नियम बमोजिम हुनेछन्।

७) दरभाउपत्र सम्बन्धी थप जानकारीका लागी देवदह नगरपालिका कार्यालय, देवदह-४, रुपन्देहीको सम्पर्क नं. ०७१-५७७३०३,५७७२९२,५७७४०३ मा सम्पर्क गर्न सकिने छ।

| बोलपत्र नं. | कामको विवरण | आवश्यक संख्या | लगत अनुमान रकम रु.( भ्याट समेत) | दरभाउपत्र दस्तुर रकम रु. | जमानत रकम रु. |
|---|---|---|---|---|---|
| MUN-CYCL -09-075-076 | साईकल खरिद कार्य (दरभाउपत्रमा संलग्न स्पेसिफिकेशन बमोजिम) | ९७(सन्तानब्बे) थान | ६६२१७०.५/- | १,०००/- | १७,०००/- |

प्रमुख प्रशासकीय अधिकृत